"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शुक्रबारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

सू. नं.: ४६
पै-सि-२०७८/०७९

प्रथम पटक प्रकाशित मिति: २०७८।११।२४

## साझेदारीमा स्थानीय अधिकार कार्यक्रम सञ्चालन गर्न प्रश्तावआव्हानको सूचना ।

छथर गाउँपालिका शुक्रबारे तेह्रथुमले स्थानीय अधिकार कार्यक्रमको माध्यमबाट समुदायलाई चेतनशील, उत्पादनशील र गुणस्तरीय जीवनयापनको लागि यहाँका जनताको जीवनस्तर उकास्न केन्द्रित हुदै विभिन्न कार्यक्रम सञ्चालन गर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ तथा नियमावली २०६४ को नियम ९९ बमोजिम सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको हुदा इच्छुक योग्यता पुगेका प्रस्तावदाता तथा गैर सरकारी संस्थाहरुलाइ सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्न हुन जानकारी गराइन्छ ।

**कार्यक्रमको उद्धेश्य:**

क. लैंगिक असमानतालाइ न्युनीकरण गर्दै महिला संगठनहरुलाई बढावा दिदै थप सशक्त बनाउने ।

ख. सार्वजनिक शिक्षालाई थप गुणस्तरीय बनाउदै लैजाने शिक्षा सम्बन्धि अधिकारहरुको बारेमा जागरुकता फैलाउने ।

ग. दिगो कृषि प्रणालीलाई प्रश्रय दिई कृषक बर्गको जीवनस्तर उकास्ने र निजहरुको कृषि सम्बन्धि अधिकारको बारेमा उनीहरुलाई सुसूचित गराउने ।

घ. स्थानीयहरुलाई वित्तीय साक्षरता तथा सीप विकास सम्बन्धि तालिम प्रदान गर्ने ।

ङ. विपद व्यवस्थापन सम्बन्धि काम गर्ने ।

च. महिला मजदुरहरुको सवालमा वकालत तथा पैरवी अभियान सञ्चालन गर्ने लगायतका स्थानीय अधिकार सम्बन्धि यस्तै अन्य कार्यकमहरु सञ्चालन गर्ने ।

**प्रस्तावदाता संघ संस्थाको योग्यता:**

१. नेपाल सरकारको कुनै निकायमा दर्ता भएको हुनु पर्ने छ ।

२. चालु आ.व. २०७८।०७९ सम्म वैधानीकता कायम रहने गरी नविकरण भएको हुनु पर्ने छ ।

३. प्रश्ताव आव्हान गरेको मिति सम्ममा संस्था दर्ता भएर सो सम्वन्धि काम गरेको ३ वर्ष पूरा गरेको हुनुपर्ने छ ।

४. संस्था मूल्य अभिबृद्धी करमा दर्ता भइ आ.व. २०७७।०७८ सम्मको कर चुक्ता गरी लेखापरीक्षण समेत गराएको हुनु पर्ने छ ।

५. स्थानीय अधिकार कार्यकमको क्षेत्रमा काम गरेको संस्थालाइ प्राथमिकता दिइने छ ।

**प्रस्ताव आव्हान सम्वन्धि व्यवस्था:**

१. बजेटको सीमा रु. १२,२५,०००।०० (रु.बाह्र लाख पच्चीस हजार) मात्र हुनेछ र सो रकम मध्ये रु. १०,००,०००।०० (रु. दश लाख) मात्र गाउँपालिकाले ब्यहोर्नेछ, बाँकी रकम छनौट हुने संस्थाले साझेदारीको रुपमा व्यहोर्नुपर्नेछ । कार्यक्रम गर्दा बजेटको सीमा नाघेमा त्यस्तो थप खर्च छनौट हुने संस्थाले नै ब्यहोर्नुपर्नेछ । नेपाल सरकारको नियमानुसार लाग्ने सम्पुर्ण कर गाउँपालिकाले भुक्तानी गर्ने रकमबाट कट्टा गरी भुक्तानी हुनेछ ।

२. कार्यकमको उद्देश्यमा फरक पर्ने गरी कुनै पनि कार्यकम सञ्चालन गर्न पाइने छैन ।

३. संयूक्त रुपमा प्रस्ताव पेश गर्ने संस्थाहरुले प्रत्यक संस्थाको कार्य जिम्मेवारी स्पष्ट गरी पेश गर्नु पर्ने छ ।

४. सूचना प्रथम पटक प्रकाशन भएको मितिबाट १५ दिन भित्र कार्यालय समय भित्र प्रस्ताव पेश गरिसक्नुपर्नेछ । यदि सो दिन विदा परेमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र पेश गर्न सकिने छ ।

५. प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको ठिक २:०० वजे खोलिने छ । यसमा प्रस्तावक संस्थाका जिम्मेबार प्रतिनिधि उपस्थित हुनुपर्ने छ तर निजहरु उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. कुनै विवाद उत्पन्न भएमा अन्तिम निर्णय गर्ने अधिकार छथर गाउँपालिकामा निहित रहने छ ।

**प्रस्ताव पेश गर्ने तरिका :**

१. प्रस्ताव पेश गर्दा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव अलग अलग तयार गरी छुट्टाछुट्टै शिलबन्दी गरी खाममा नै प्राविधिक वा आर्थिक प्रस्ताव के हो, प्रष्ट खुल्ने गरी लेखेर पेश गर्नु पर्नेछ ।

२. खामको लेखाई र खाम भित्र भएको प्रस्ताव फरक परेमा सो प्रस्तावदातालाई मुल्याङ्कनमा समावेश गरिनेछैन ।

३. प्रस्ताव पेश गर्दा रु. १००० (अक्षेरेपी एक हजार रुपैया मात्र) शुल्क गाउँपालिकामा बुझाउनुपर्नेछ तर कुनै प्रकारको जमानत आवश्यक पर्ने छैन ।

४. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले साझेदारी गर्न खोजेको रकम प्रष्ट रुपमा खुलाउनुपर्नेछ ।

५. अन्य कुराको हकमा प्रचलित नियम कानून अनुसार हुनेछ ।

गुणराज बानियाँ
निमित्त प्रमुख प्रशासकीय अधिकृत